आज मिति २०७८ साल भाद्र १ गतेका दिन मकवानपुर गढी गाउँपालिकाको अध्यक्ष श्री विदुर हुमागाईं ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि देहायको उपस्थितिमा देहायको निर्णयहरु गरियो।

उपस्थिति

श्री विदुर हुमागाईं - अध्यक्ष

श्री हेकेमायाँ रुम्बा - उपाध्यक्ष

श्री आइत सिंलो - का. पा. सदस्य

श्री करवात सिं पाख्रिन - " "

श्री भागवत घिमिरे - " "

श्री राम प्रसाद तिमल्सीना " "

श्री जित बहादुर घिमिरे " "

श्री टिका प्रसाद दाहाल " "

श्री सूर्य बहादुर रुम्बा " "

श्री कुमार सिं घिसिङ " "

श्री सुरेन्द्र सुतार " "

श्री चिनिमायाँ लुङ्वा " " चिनीमाया

श्री बुद्धिमाया योञ्जन " "

श्री मन्जु योञ्जन " "

श्री पातली माया गोले

श्री तिमेना विश्वकर्मा - का.पा. सदस्य

श्री भिम ब० परियार - ~~सदस्य~~ सचिव

मकवानपुरगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली,मकवानपुर

कार्यपालिका वैठक कार्यसूचि

मिति : २०७५।०५।०१

**प्रस्तावहरु**

१. खानेपानी सरसफाई तथा स्वच्दता समन्वय समितिको गठन सम्वन्धमा ।

२. अमानतमा ढुंगागिटि वालुवाको कर संकलन सम्वन्धमा ।

३. मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को दर रेट स्वीकृत सम्वन्धमा ।

४. सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम संचालन कार्यविधि, २०७५ स्वीकृत सम्वन्धमा ।

५. नेपाल वैंक लिमिटेड हेटौडामा रहेको यस कार्यालयको वैंक खाता वन्द गरि नेपाल वंगलादेश वैंक ,मकवानपुरगढी शाखामा रकम ट्रान्सफर गर्ने सम्वन्धमा ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छदा कार्यविधि, २०७५ को परिच्छेद २ को दफा ३ को उपदफा १ मा भएको व्यवस्था अनुसार देहाय अनुसार मकवानपुरगढी गाउँ स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको गठन गर्ने निर्णय गरियो ।

**देहाय**

१. अध्यक्ष :श्री विदुर हुमागाई,अध्यक्ष मकवानपुरगढी गाउँपाकिा

२. उपाध्यक्ष : श्री हर्कमाया रुम्बा,उपाध्यक्ष मकवानपुरगढी गाउँपालिका

३. सदस्य : श्री भिम वहादुर परियार,प्रमुख प्रशासकीय अधिकृत

४. सदस्य श्री आइत सिं लो, वडा नं १ वडा अध्यक्ष

५. सदस्य : श्री बखान सिं पाखिन, वडा नं २ वडा अध्यक्ष

६. सदस्य : श्री भागवत घिमिरे, वडा नं ३ वडा अध्यक्ष

७. सदस्य श्री राम प्रसाद तिमल्सीना, वडा नं ४ वडा अध्यक्ष

८. सदस्य : श्री जित वहादुर घिमिरे,वडा नं ५ वडा अध्यक्ष

९. सदस्य : श्री टिका प्रसाद दाहाल,वडा नं ६ वडा अध्यक्ष

१०. सदस्य : श्री सुर्य वहादुर रुम्बा, वडा नं ७ वडा अध्यक्ष

११. सदस्य : श्री कुमार सिं घिसिङ,वडा नं ८ वडा अध्यक्ष

१२. सदस्य : मकवानपुरगढी ईकाला प्रहरी प्रमुख

१३. सदस्य : श्री खानेपानी उपभोक्ता समिति वा खानेपानी वोर्ड मध्यबाट समितिले तोकेको १ जना

१४. सदस्य : श्री स्वास्थ्य र सरसफाई,फोहोरमैला व्यवस्थापनको क्षेत्रमा काम गर्ने गै.सं. मध्यबाट १ जना महिला सहित २ जना

१५. सदस्य : श्री टिका प्रसाद गौता,शिक्षा प्रमुख मकवानपुरगढी गाउँपाकिा

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर, नेपाल

Scanned with CamScanner

१६. सदस्य : श्री गाउँपालिका स्तरिय सामुदायिक वन उपभोक्ता समिति महासंघ

१७. सदस्य सचिव : श्री भोला चौलागाई ,स्वास्थ्य संयोजक मकवानपुरगढी गाउँपालिका

(नोट : सदस्य नतोकिएको हकमा पछि समितिले वैठक वसि तोक्ने )

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको विभिन्न क्षेत्रमा स्थापित क्रसर उद्योग तथा वालुवा प्लान्टहरुमा यस अधिको बैठकबाट स्टक समेत प्रमाणित भै सकेको हुँदा, त्यस्ता क्रसर उद्योग तथा वालुवा प्लान्टहरुबाट निकासी तथा विक्री वितरण हुने ढंगा,गिटि,वालुवाको हकमा ३ नं प्रदेश सरकारले तोकेको दररेटमा कर संकलनको लागि रोडा ,ढुंगा,गिट्टि,बालुवा,स्लेट,माटो र वातावरण तथा प्रदुषण शुल्क आदिमा अमानतवाट राजस्व संकलन गर्ने कार्ययोजना, २०७५ मा भएको व्यवस्था अनुसार हाल लाई गाउँपालिकामा कर्मचारीको अभाव रहेको हुँदा,सो सम्वन्धि करको ठेक्का प्रणालीमा नगए सम्मको लागि आमभन्ज्याङ बुङदल क्षेत्रमा २ जना(सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा) र शिखरकटेरी क्षेत्र १ जना( सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा) दैनिक ज्यालादारीमा नियुक्ति गरि अमानतबाट कर संकलन गर्ने निर्णय गरियो । साथै जनशक्तिको अभाव भै कर संकलनमा असर पर्ने देखिएमा शिखरकटेरी क्षेत्रमा १ जना जनशक्ति समेत थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को लागि समितिले पेश गरे अनुसारको गाउँ दर रेट स्वीकृत गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा विद्यार्थीको पोषणको अवस्था सुधार तथा विद्यालय भर्ना दर वढाउन तथा विद्यालय छाड्ने दर लाई घटाउने उद्देश्यले विद्यालय दिवा खाजा कार्यक्रममा विनियोजित रु. १८ लाख रुपैया बजेट कार्यान्वयनको लागि तयार पारिएको सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम संचालन कार्यविधि, २०७५ पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैंसेन्डुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकालाई लक्षित गरि ग्रामीण क्षेत्रमा समेत वित्तिय पहुंच विस्तारको लागि स्थापना भएको नेपाल बंगलादेश बैंक लिमिटेड,मकवानपुरगढी शाखामा यस गाउँपालिकाको देहाय अनुसारको विभिन्न खाता संचालनको लागि नेपाल राष्ट्र बैंक बैकिङ कार्यालय, सरकारी लेखा फाँट थापाथली काठमाडौंको च.नं ७ मिति २०७५।०३।१९ को ग वर्गको सरकारी कारोबार संचालन गर्न स्वीकृत प्रदान गरिएको प्राप्त पत्रानुसार यस गाउँपाकिकाको खाता नेपाल बंगलादेश बैंक( एनबी बैंक)मकवानपुरगढी मा खोलिसकिएकोले नेपाल बैंक लिमिटेड हेटौडामा रहेको यस कार्यालयको देहायको खाताहरु वन्द गरि नेपाल बंगालदेश बैंक,मकवानपुरगढी शाखामा यस कार्यालयको नाममा रहेको संचित कोष खाता नं ९५९०१००२२० मा बाँकी रकम ट्रान्सफर गर्न को लागि नेपाल बैंक लिमिटेड हेटौडालाई पत्राचार गर्ने निर्णय गरियो ।

### देहाय

| क्र.सं. | खाताको नाम | खाता नम्वर |
|---|---|---|
| १ | संचितकोष खाता | ०२५०३००००००००४००१०१० |
| २ | पुजीगत खर्च खाता | ०२५०३००००००००२००२०५९ |
| ३ | चालु खर्च खाता | ०२५०३००००००००२००१०६१ |
| ४. | धरौटी खाता | ०२५०३००००००००३००००१६ |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

Scanned with CamScanner